# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २८ गते २०१८ साल

श्री ५ को सरकार

रक्षा मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएको रंगशाला (बहाल) नियमहरू २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

रंगशालाको बहालको समयोचित व्यवस्था गर्नु वाञ्छनीय भएकोले प्रशासकीय कार्य-विधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमहरूको नाम रंगशाला (बहाल) नियम-हरू २०१८ रहेको छ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा।

(क) "रंगशाला" भन्नाले काठमाण्डौं टूंडिखेलस्थित रंगशाला सम्झनु पर्छ र यो शब्दले सो रंगशाला भित्र रहेको घर र मालसामानलाई समेत जनाउँछ।

(ख) "तोकिए को अधिकारी" भन्नाले श्री ५ को सरकारले यसै कामलाई तोकेको अधिकारी सम्झनु पर्छ।



८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "इजाजतपत्र" भन्नाले यी नियमहरू बमोजिम दिइएको इजाजतपत्र संझनु पर्छ ।

(घ) "प्रदर्शन" भन्नाले राष्ट्रिय, अन्तर्राष्ट्रिय वा विदेशी जुनसुकै प्रकारको साधारण वा प्रतियोगितात्मक खेलकूद, सैनिक रमिता, सर्कस, कसरत, संगीत, वैज्ञानिक वा सांस्कृतिक प्रदर्शन सम्झनु पर्छ

३. प्रदर्शनको निमित्त इजाजतपत्र :– (१) रंगशालामा कुनै प्रकारको प्रदर्शन गर्न गराउन चाहने व्यक्तिले आफ्नो स्पष्ट विवरणसाथ निम्नलिखित कुराहरू र प्रदर्शन गरिने अवधि र समयसमेत खुलाई तोकिएको अधिकारी समक्ष सो प्रदर्शन गर्नु गराउनु कमसेकम ७ दिन अगाडी रीत पूर्वकको दरखास्त पेश गर्नु पर्छः–

(क) राष्ट्रिय स्वास्थ्य समृद्धिको लागि वा सांस्कृतिक उत्थानको लागि टिकट लगाई वा नलगाई प्रदर्शन गरिने, वा

(ख) अन्तर्राष्ट्रिय खेलकद प्रतियोगी सदस्य स्वरूप नेपाली रंगशालालाई उपयोगी तुल्याउन प्रदर्शन गरिने वा

(ग) सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा आम्दानी जम्मा गर्न-लाई प्रदर्शन गरिने वा

(घ) व्यवसाय वा मनोरन्जनको निमित्त टिकट लगाई प्रदर्शन गरिने ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा नियम ४ को अधीनमा रही तोकिएको अधिकारीले रंगशालामा प्रदर्शन गर्न पाउने काम कुरा र त्यसको अवधि र समयसमेत तोकी दरखास्तवालालाई अनुसूचीमा तोकिएको ढाँचाको इजाजतपत्र दिन सक्ने छ ।

४. बहाल असूल गर्ने र कबूलियत गराउने:– (१) नियम ३ बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिले रंगशालामा इजाजतपत्र बमोजिम प्रदर्शन गरे गराए बापत प्रतिदिन ने. रु. ५०। का दरले निजबाट बहाल लिइनेछ । सो बहालको रकमको पचास प्रतिशत इजाजतपत्र प्राप्त गर्नु अगावै र बांकी सबै प्रदर्शनको अवधि समाप्त भएको ७ दिन भित्र इजाजतपत्र प्राप्त व्यक्तिले तोकिएको अधिकारी छेउ बुझाउनु पर्छ। बुझाउनु पर्ने बांकी बहालको रकम सो म्याद भित्र नबुझाए अर्को एक हप्ता पछिसम्म सयकडा दुईका दरले शुल्क लिई बुझिलिइनेछ। सो पछि पनि नबुझाएमा तोकिएको अधिकारीको सूचना बमोजिम स्थानीय मेजिष्ट्रेटले प्रचलित नेपाल कानून अनुसार सरकारी बाँकी सरहको कारवाइ गरी बाँकी बहालको रकम र शुल्कसमेत असूल उपर गरी लिनेछ ।

४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर–

(क) राष्ट्रीय स्वास्थ्य समृद्धि वा सांस्कृतिक उत्थानको उद्देश्यले टिकट नलगाई सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा आमदानी जम्मा गर्नेलाई गरिने प्रदर्शनको हक्मा रंगशाला बहाल लाग्नेछैन ।

(ख) राष्ट्रिय स्वास्थ्य समृद्धि वा साँस्कृतिक उत्थानको उद्देश्यले टिकट लगाई गरिने प्रदर्शनको हक्मा दैनिक ने. रु. २५। का दरले रंगशाला बहाल लाग्नेछ ।

(२) यी नियमहरूमा लेखिएका शर्तहरूमा इजाजतपत्र बमोजिम प्रदर्शनको काम गर्न वा गराउनमा मेरो वा हाम्रो मन्जूरी छ सो बमोजिम नगरेमा यी नियमहरू र प्रचलित नेपाल कानून बमोजिम जो बुझाउनु पर्ने बुझाउंला सहुंला भन्ने बेहोराको अगावै कबूलियत नगराई कुनै व्यक्तिलाई इजाजतपत्र दिइने छैन ।

५. बहाल घट्न सक्ने अवस्था:– (१) आम्दानीभन्दा खर्च बढ्ता परी तथा प्राकृतिक वा अप्राकृतिक स्थितिवश बहाल बुझाउन इजाजतप प्राप्त व्यक्तिलाई मर्का परे जम्मा लाग्ने बहालको बढीमा २५ प्रतिशतसम्म रकम मिनाहा दिन प्रशस्त कारणहरू भै श्री ५ को सरकारको रक्षा मन्त्रालयले मनासिब ठहराएमा मिनाहा हुनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम मिनाहा भएको बहालको अभिलेख आम्दानी खर्चको विवरणसहित मिनाहाको कारणहरू महालेखा परीक्षकको विभाग, श्री ५ को सरकारको अर्थ आयकर विभाग र एकाउन्टेन्ट जनरल अफिसमा ३५ दिन भित्र पठाउनु पर्छ ।

६. भाडा:– नियम ४ बमोजिम लाग्ने बहालमा थप रंगशालाको विकास कार्यक्रमबाट आवश्यक सुविधा र साधन त्यहाँ जुटाइएजतिको निम्नलिखित दरले भांडा लाग्नेछ ।

(क) नियमित रूपले भाडाको दर तोकिएको सुविधा तथा साधनको सोही दरले र

(ख) दर नतोकिएको हक्मा श्री ५ को सरकारले समयानुसार तोकिदिएको दरले ।

(ग) उक्त भाडा नियम ४ बमोजिम असूल उपर गरिनेछ ।

७. इजाजतपत्रको निष्क्रियता:– (१) साधारणत: स्वीकृति अवधिको भुक्तानीसाथै इजाजतपत्र निष्क्रिय हुनेछ ।

(२) यी नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्रको अवधि र समय हेरफेर गर्न वा इजाजतपत्रलाई स्थगित गर्न वा निष्क्रिय गर्न श्री ५ को सरकारले समयोचित वा आवश्यक संझे विना स्पष्टीकरणसमेत सो गर्न सक्नेछ ।

(३) यस्तो हेरफेर, स्थगित वा निष्क्रिय गरिएको सूचना नियमित रूपले प्रदर्शन हुने कम्तीमा २४ घण्टा अगाडी सम्बन्धित व्यक्तिलाई दिइनेछ ।

६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्राकृतिक वा असाधारण परिस्थिति वश वा श्री ५ को सरकारले समयोचित वा आवश्यक संझी निष्कृय वा स्थगित गरिएको इजाजतपत्रको स्थगित अवधि-को निमित्त कुनै किसिमले बहाल लाग्ने छैन ।

८. रंगशालाको सुरक्षाः– (१) कुनै इजाजतपत्रवालालाई सो इजाजतपत्र बमोजिम रंगशालामा प्रदर्शन गर्न वा गराउन दिइएको ठाउं वा त्यहां रहेका सरकारी मालसामान नोक्सान वा हिनामिना हुन नदिने कुराको जवाफ देही सोही इजाजतपत्र-वालाको हुनेछ ।

(२) निजले जानाजान आफैले त्यस्तो कुनै नोक्सान वा हिनामिना गरेमा वा अरूलाई गर्न दिएमा वा निजको लापरवाहीले सो हुन गएमा शाही सेनाको इन्जिनियर विभागको सिफारिश अनुसार निज इजाजतपत्रवालाबाट सो नोक्सानी वा हिनामिनाको क्षतिपूर्ति गराइनेछ ।

९. तोकिएको अधिकारीलाई विश्वास हुनुपर्नेः– राष्ट्रिय स्वास्थ्य समृद्धि वा सांस्कृतिक उत्थानको उद्देश्यले गरिने भनेको प्रदर्शन वास्तवमा राष्ट्रिय स्वास्थ्य समृद्धि र सांस्कृतिक उत्थानको निमित्त नै हो भन्ने विश्वास तोकिएको अधिकारीलाई नभई यी नियमहरू बमोजिम बहाल मिनाहा हुन सक्ने छैन ।

१०. यी नियमहरू लागू हुने :– यी नियमहरूमा लेखिएजति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानन बमोजिम हुनेछ ।

आज्ञाले–
(मे. ज. पद्मबहादुर खत्री)
श्री ५ को सरकारको सचिव,
रक्षा मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

नियम ३ सम्बन्धित

## रंगशाला प्रयोग इजाजतपत्र

(आर्मी क्रेष्ट)

श्री ले रंगशालामा मिति देखि तक् दिन टिकट लगाई वा नलगाई रंगशाला बहाल नियम २०१८ को दफा बमोजिम प्रदर्शन गर्न आवेदन गर्नुभएकोले मिति देखि तक् दिन को बहाल वा भाडा उक्त नियम बमोजिम बुझी लिई, सो नियमको अधीनमा रही नियमित प्रदर्शन गर्न श्री लाई यो इजाजतपत्र प्रदान गरिएको छ

दस्तखतः–

दर्जाः–

मिति २०१ । ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।